# नेपाल सरकारलाई हामी द्वन्द्वपीडितहरूको सामूहिक, सार्वजनिक तथा अति जरूरी अपिल !

**काठमाडौं, २०७७ भाद्र १४ गते**

१) विगत २० वर्षमा देशको शासन प्रणाली राजतन्त्रात्मकबाट गणतन्त्रात्मक, एकात्मकबाट संघात्मक, तानाशाहीबाट लोकतन्त्रात्मक स्वरूपमा रूपान्तरित भयो । राजनीतिक परिवर्तनलाई संस्थागत गर्न जननिर्वाचित संविधानसभाबाट जारी भएको नेपालको संविधान ५ वर्ष पूरा गर्ने सङ्घारमा छ । विगतको द्वन्द्वका घाउहरूलाई न्यायोचित रूपमा सम्बोधन गरी दण्डहीनता अन्त्य गर्ने, विधिको शासन कायम गर्ने, दिगो तथा लोकतान्त्रिक शान्ति स्थापना गर्ने ठोस प्रतिज्ञाका साथ द्वन्द्वका दुवै पक्षले हस्ताक्षर गरेको बृहत् शान्ति सम्झौता लागू भएको पनि आगामी मंसिरमा १५ वर्ष पुग्दैछ ।

२) तर दशकौं देखि सत्य, न्याय र परिपूरणको अनवरत पर्खाइमा रहेका हामी द्वन्द्वपीडितहरूका लागि नयाँ संविधान कार्यान्वयनका ५ वर्ष र शान्ति सम्झौताका १५ वर्ष सार्थक हुन सकेका छैनन् । राजनीतिक तथा संवैधानिक परिवर्तनले हामी द्वन्द्वपीडितहरूका लागि कुनै माने राखेको अनुभूति गर्न पाएका छैनौं । विगतदेखिकै दण्डहीनताको संस्कृति अझै झाँगिदै गएको छ । राज्यको दोहोरो मापदण्डको साक्षी हुनुपरेकाले हामी शंकालु हुँदै आएका छौं । विगतदेखि वर्तमानसम्मका सरकार र संविधान पालनाको शपथ खाएका सरकारका जिम्मेवार प्रधानमन्त्री, मन्त्री र अन्य पदाधिकारीहरूले प्रतिबद्धता एउटा गर्ने अनि व्यवहार अर्को देखाउने क्रम अझै रोकिएको छैन । यो नेपाली राजनीतिको नियति नै बनेको छ । सर्वोच्च अदालतले पटकपटक दिएका आदेशहरूले हाम्रो आशा नजगाएका होइनन् । तर ती आदेशको बन्धनकारिताको किञ्चित् पनि सम्मान गरिएन र हुने लक्षण पनि देखिएको छैन् । मानवअधिकार संरक्षण र प्रवर्धनका लागि संवैधानिक निकायका रूपमा गठित राष्ट्रिय मानव अधिकार आयोगले संक्रमणकालीन न्यायका सम्बन्धमा सरकारलाई पटकपटक सिफारिसहरू गरेको छ । अन्तर्राष्ट्रिय रूपमा पनि सन्धिजनित समितिहरू र दुईदुई पटकको विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) मा हामीले राखेको सत्य, न्याय र परिपूरणको मागका विषय पटकपटक उठेका पनि हुन् । सरकारलाई बारम्बार बग्रेल्ती सिफारिसहरू पनि भएका हुन् । राष्ट्रसङ्घको विषयगत कार्यादेश प्राप्त विशेष समाधीक्षकहरूले बारम्बार सिफारिस गर्दै आएका पनि हुन् । तर द्वन्द्वकालमा आफू तथा आफन्तजनमाथि के ज्यादती भएको थियो भन्ने जान्न पाउने अधिकारबाट समेत हामी वञ्चित भइरहेका छौं ।

३) विडम्बना नै भन्नुपर्छ, ती सिफारिसप्रति सरकार, सत्तासीन दल र विपक्षी दल तथा तिनका नेताहरूले निर्लज्जतापूर्वक आँखा चिम्लिँदै आएका छन् । विगतका घटनालाई अनुसन्धान गर्ने र दोषीलाई न्यायको कठघरामा ल्याउने काम त भएको छैन नै । विगतका ज्यादती पुनःनदोहोरिने र भावी पुस्ता अर्को हिंस्रक संघर्ष र युद्धको विभीषिकाबाट सुरक्षित हुने बन्दोबस्त भएको छ भनेर सन्तोष गर्ने अवस्था पनि बनेको छैन । पुनःस्थापित प्रतिनिधिसभाले अन्तर्राष्ट्रिय फौजदारी

अदालतको रोम विधान अनुमोदन गर्न दिएको सिफारिसलाई पनि टोकरीमा मिल्काइयो । द्वन्द्वोत्तर सन्दर्भमा सर्वोच्च अदालतले नै अनुमोदनको अत्यावश्यकताको बारेमा सचेत गराउँदा पनि बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी महासन्धिको अनुमोदन गर्नेतर्फ सरकारले कुनै कदम चालेको छैन् । यत्तिका वर्षसम्म सरकारले विभेदपूर्ण ढंगले पीडितका रूपमा पहिचान समेत नगरेका यौनजन्य अपराध र यातना लगायतका पीडितलाई अझैसम्म अन्तरिम राहतको दायरामा सम्म पनि ल्याइएको छैन । परिपूरणको कार्यक्रमको अभावमा संविधान संरक्षित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उपभोग गर्न सक्ने स्थिति विगतदेखि नै थिएन् । अहिले झनै पोलेमाथि फोकुण्डो भएको छ । कोभिडको महामारीको असमानुपातिक असर हामीमाथि नै परेको छ । राहत तथा सुविधाका सन्दर्भमा विशेष ध्यान दिनुपर्ने नागरिकको सूचीमा हामी पीडित समुदायलाई राख्नेतर्फ पनि सदाशयता देखाइएको छैन् ।  संविधानप्रदत्त शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारको यथोचित उपयोग त परै जाओस्, बहुसंख्यकलाई न्यूनतम रूपमा जीवन धान्न पनि मुश्किल हुँदै गएको छ ।

४) यसरी एकातर्फ कोभिडको त्रास र अर्कोतर्फ चरम आर्थिक समस्याको पिरलोमा धेरैजसो पीडित प्रताडित हुनुपरेको छ । आफ्नो अचल सम्पत्ति हुनेहरूमध्ये सयौंको सम्पत्ति अझै कब्जाकै स्थितिमा छ । फिर्ता गराउने प्रतिबद्धता पटकपटक दोहोऱ्याउँदै आइएको भए पनि त्यसो हुन सकेको छैन । बेपत्ता पारिएका आफ्ना प्रिजयनको सत्यतथ्यको खोजीमा भौंतारिइरहेका कतिपय बेपत्ता पारिएका नागरिकका परिवारका सदस्यहरूलाई आफ्नो सम्पत्तिसमेत बेचबिखन गर्न कानूनी अडचन कायम छ । बेपत्ता पारिएका व्यक्तिका श्रीमतीहरूले आफू सधवा हो कि विधवा हो कमसेकम त्यत्ति त जवाफ देऊ सरकार भनेर भन्दै आएको वर्षौं हुँदा पनि सरकार कानमा तेल हालेर बसेको छ । बेपत्ता पारिएका नागरिकको सत्यतथ्य ६० दिनभित्र सार्वजनिक गर्ने शान्ति सम्झौताको प्रावधान १४ वर्षसम्म पनि कार्यान्वयन गर्नुको साटो सरकारले नागरिकको सत्य जान्ने अधिकारको उल्लंघन र उपहास गरेको छ । द्वन्द्वकालमा विनाकारण रोजगारी गुमाउन परेकाहरूको मर्का सम्बोधन गर्न किञ्चित् चाँसो दिइएको छैन । बालसेनाको रूपमा शोषणको शिकार हुनुपरेका र आफ्नो ऊर्जाशील जीवनलाई व्यर्थमा गुमाउनु परेकाहरूको माग र सरोकारप्रति राज्य मौन छ ।

५) हामी पीडितको सत्य, न्याय र परिपूरणको जायज मागलाई निरन्तर उपेक्षा गर्ने सरकारले “सुखी नेपाली, समृद्ध नेपाल”को मन्त्र जपेको देख्दा हामी अचम्मित छौं । पीडितका पीडामा मलमपट्टी गर्ने दायित्वबाट समेत चुक्ने सरकारले सुखी नेपालीको कुरा गर्नु भन्दा अर्को हास्यास्पद कुरा शायदै होला ।

६) सत्यनिरूपण तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगहरू गठनमा विगतमा भएका त्रुटि र असफलताबाट सरकारले सिक्दै सिकेन् । बरू गल्तीलाई हाकाहाकी पुनः दोहोऱ्याएको छ । निर्लज्ज तरिकाले राजनीतिक हस्तक्षेप गरेर पुनः पदाधिकारी नियुक्त गरिएको छ । आयोगका कथित पदाधिकारीहरू कोभिड-१९ महामारीलाई बहाना बनाएर कहाँ कुना पसेर जागिर खाँदैछन् ? पीडितका लागि गठन गरिएका भनिएका आयोग छन् भन्ने आभाससम्म हामीलाई हुन सकेको छैन् । कोभिडको बेला राज्यले पीडितप्रति खेल्नु पर्ने भूमिकाका बारेमा समेत आयोगहरूले चुँइक्क बोलेको

अवस्था छैन् । पहिले सर्वोच्च अदालतको परमादेशअनुसार ऐन संशोधन गरेर मात्र विश्वसनीय प्रक्रियाबाट आयोग गठन गर्न हामीले सरकारलाई पटकपटक भन्यौं । तर सरकारले ऐन संशोधन र आयोग गठन सँगसँगै भन्यो । भागबण्डामा आयोग पुनर्गठन गरेको पनि आठ महिना भइसक्यो । ऐन संशोधनबारे सरकार र आयोगहरू दुवै मिलिभगत गरी चुपचाप छन् । विश्वसनीयता तथा वैधता शून्यताको अवस्थामा रहेको र औचित्य गुमाएका पदाधिकारीहरूलाई पालेर राख्ने काम सरकारले गरेको छ । यसरी नागरिकको करको दुरुपयोग गरिएको छ ।

७) अहिले देशमा संघीय प्रणालीअन्तर्गत तीन तहका ७६१ वटा सरकार क्रियाशील छन् । ती सबैले आआफ्नो ठाउँबाट हामी पीडितका माथि उल्लिखित समस्यालाई सम्बोधन गर्न कुनै न कुनै सकारात्मक भूमिका खेल्न नसक्ने होइनन् । तर कसैको प्राथमिकतामा हाम्रा समस्याहरू परेको अनुभूति हामीलाई हुन सकेको छैन् । बरू हाम्रो “नागरिकता” र “सार्वभौम नागरिकको हैसियत”लाई किन यसरी संगठित रूपमा नै राज्यले खिल्ली उडाउँदैछ भन्ने दुविधाको स्थितिमा हामी रहेका छौं । त्यस्तो होइन भने हाम्रो पनि अरू नागरिक सरह नै बराबर हक छ भन्ने सरकार ठान्दछ र त्यो हकको उपभोग गर्ने वातावरण तयार गरिदिने आफ्नो कर्तव्यप्रति पनि हेक्का राख्छ भने बाटो बिराएको सङ्क्रमणकालीन न्याय प्रक्रियालाई पुनः सही मार्गमा ल्याउन हाम्रा देहायका मागहरूलाई सम्बोधन गर्न यथाशीघ्र ठोस पहल गरियोस् भनी नेपाल सरकारसमक्ष पुनः यो सामूहिक, सार्वजनिक तथा अति जरूरी अपिल गर्दछौं ।

***७.१. पीडित समुदाय, नागरिक समाज, राष्ट्रिय मानव अधिकार संस्थाहरू तथा अन्य सरोकारवालाहरूसँग संक्रमणकालीन न्यायका पेचिला विषयहरू (जस्तै, कानून संशोधन, आयोगहरूको विश्वसनीयता, स्वतन्त्रता र सक्षमता, पीडितका तात्कालिक परिपूरणीय आवश्यकता आदि विषयमा पारदर्शी, अर्थपूर्ण र व्यापक परामर्श तथा सहकार्य गरियोस् ।***

***७.२. गम्भीर मानव अधिकार उल्लंघनका जोसुकै जिम्मेवार व्यक्तिले कुनै पनि स्वरूपको (तथ्यगत तथा कानूनमिश्रित) क्षमादानको सुविधा प्राप्त नगर्ने तथा संक्रमणकालीन न्यायसम्बन्धी आयोगहरूको स्वतन्त्रता तथा विश्वसनीयतालाई सुनिश्चित गर्ने गरी सर्वोच्च अदालतका आदेशहरू तथा अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डसमेत अनुरूप हुनेगरी तत्काल संक्रमणकालीन न्यायसम्बन्धी कानून संशोधन गरियोस् ।***

***७.३. उपरोक्त बमोमिज संशोधित ऐनको आधारमा निष्पक्ष, पारदर्शी तथा समावेशी प्रक्रिया अवलम्बन गरी दुवै आयोगका पदाधिकारीहरूलाई पुनःनियुक्ति गरी ती आयोगहरूको वैधता र विश्वसनीयता स्थापित गरियोस् ।***

***७.४. उपरोक्त बमोजिम वैधता र विश्वसनीयता सुनिश्चित हुनेगरी आयोगहरूको पुनर्गठन भैसकेपछि ती आयोगहरू प्रभावकारी तरिकाले आफ्नो कार्यादेश (सत्य, न्याय, परिपूरण, पुनःनदोहोरिने प्रत्याभूति तथा संस्थागत सुधार लगायत सम्बन्धी) सम्पन्न गर्ने गरी सबलीकृत गर्न आवश्यक पर्ने आर्थिक, भौतिक तथा मानवीय स्रोतसाधन पर्याप्त रूपमा उपलब्ध गराइयोस्,***

*पीडितमैत्री र लैंगिक संवेदनशीलतालाई अँगालेर काम गरिने सुनिश्चित गरियोस् ।*

*७.५. आयोगका कामकारवाही मात्रै नभएर समग्र सङ्क्रमणकालीन न्याय प्रक्रियामा हामी पीडितहरूसँग अर्थपूर्ण परामर्श र हाम्रो सहभागितालाई अनिवार्य रूपमा मूलप्रवाहीकृत गर्न हामी पीडित लगायतका सरोकारवालासँको परामर्शमा बोधगम्य कार्यनिर्देशिका बनाएर लागू गरियोस् ।*

*७.६. विद्यमान कोभिड-१९ महामारीको सन्दर्भ एवं विगतदेखि भोग्दै आएका आर्थिक, सामाजिक समस्याहरूलाई दृष्टिगत गरी हामी सबै पीडितहरूका सामूहिक तथा विशिष्ट परिपूरणीय आवश्यकतालाई सम्बोधन गर्न परिपूरणलाई अधिकारका रूपमा कानूनमा सुनिश्चित गरियोस्, आवश्यकता अनुसार प्रदेश तथा स्थानीय सरकारसँगको सहकार्य, सहलगानी वा समन्वयमा शिक्षा, स्वास्थ्य तथा उपचार, रोजगारी, स्वरोजगार, पहिचान, संस्मरण, सम्मान, मनोसामाजिक परामर्श, सामाजिक सुरक्षा, पुनःस्थापना लगायतका अधिकारहरू समेटेर बृहत्तर राष्ट्रिय परिपूरण निती तथा कार्यक्रम बनाएर तत्काल कार्यान्वियनमा ल्याइयोस् ।*

*७.७. शान्ति सम्झौतापश्चात् सरकारले वितरण गरेको अन्तरिम राहतबाट वञ्चित गरिएका यौन तथा लैंगिक हिंसाजन्य अपराधका पीडितहरू तथा यातनाका पीडितहरूको परिपूरणीय आवश्यकतालाई विशेष ढङ्गले सम्बोधन गरियोस् । अन्तरिम राहतबाट वञ्चित पीडितहरूलाई तत्काल राहत दिइयोस् ।*

*७.८. बेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरूले अचल सम्पत्तिको हकहस्तान्तरण तथा परिवारको कल्याणका लागि यथोचित प्रयोग गर्नबाट कानूनीरूपमा नै वञ्चित हुनु परिरहेको, द्वन्द्वकालमा गैरकानूनी तरिकाले कब्जा गरिएका सम्पत्ति फिर्ता हुन नसकेको तथा विस्थापितहरू आफ्नो थातथलोमा फर्कन नसकेको, द्वन्द्वको समयमा रोजगारी गुमाएका शिक्षक तथा कर्मचारीहरूको पीडा सम्बोधन हुन नसकेको, बहिर्गमित बाल लडाकुहरू युद्ध अपराधका पीडित भएर पनि राज्यबाट यथोचित सम्मान तथा परिपूरण पाउन नसकेको लगायतका समस्याहरूलाई उचित प्राथमिकता दिएर तत्काल सम्बोधन गरियोस् ।*

*७.९. विगतमा भएका बलपूर्वक बेपत्ता, यातना, बलात्कार, मानवताविरुद्धको अपराध, युद्ध अपराध लगायतका मानव अधिकार एवं मानवीय कानुनको गम्भीर उल्लंघनका घटनामा निष्पक्ष अनुसन्धान गरी दोषीलाई दण्डित गर्ने सन्दर्भमा राष्ट्रिय कानुनमा रहेका रिक्ततालाई सम्बोधन गर्ने गरी आवश्यक कानून निर्माण गरियोस् ।*

*७.१०.संसदीय निर्देशन, सर्वोच्च अदालतका आदेश, दुवै विश्वव्यापी आवधिक समीक्षाका सिफारिस एवं मानव अधिकार समितिलगायतका सन्धिजनित समितिहरूका सिफारिसहरू अनुरूप अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि एवं यातनाविरुद्धको महासन्धिको इच्छाधीन आलेख समेतका दस्तावेजहरूको अनुमोदनको प्रकिया अवलम्बन गरी विगतका ज्यादती तथा उल्लंघनलाई*

***भविष्यमा पुनः दोहोरिन नदिने दायित्व पूरा गर्नेतर्फ ठोस कदम चालियोस् ।***

***७.११. नेपालको मानव अधिकार अवस्थाको अध्ययन गर्न तथा अनुगमन गर्न नेपालको भ्रमण गर्ने इच्छा जाहेर गर्ने राष्ट्रसंघीय विशेष समाधीक्षक (स्पेसल र्‍यापोर्टियर)हरूलाई बिना रोकटोक यथोचित समयमा भ्रमणका लागि अनुमति दिइयोस् र बारम्बार उनीहरूले दिएका सुझावहरूलाई गम्भीरतापूर्वक कार्यान्वयन गरियोस् ।***

**अपिलकर्ताहरू :**

| | |
|---|---|
| १. द्वन्द्व पीडित साझा चौतारी | २. द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल |
| ३. द्वन्द्व पीडित महिला राष्ट्रिय संजाल | ४. अपाङ्गता भएका द्वन्द्व पीडितहरुको राष्ट्रिय संजाल |
| ५. द्वन्द्व पीडित टुहुरा समाज | ६. न्यायका लागि द्वन्द्व पीडित समाज |
| ७. द्वन्द्व पीडित समिति, बर्दिया | ८. बेपत्ता पारिएका परिवार समाज (नेफाड) |
| ९. नेपाल माओवादी पीडित संघ | १०. द्वन्द्व पीडित र किसान अधिकार समाज, कैलाली |
| ११. अपाङ्ग पीडित संघर्ष संघ, दोलखा | १२. द्वन्द्व प्रभावित व्यक्तिहरुको सरोकार समाज, दाङ्ग |
| १३. बाँदरमुढे घटना सरोकार समिति | १४. द्वन्द्व पीडित शिक्षक समाज |
| १५. द्वन्द्व पीडित स्व-रोजगार तालिम केन्द्र नेपाल, | १६. द्वन्द्व पीडित राष्ट्रिय समाज |
| १७. द्वन्द्व व्यवस्थापन र विस्थापित सरोकार केन्द्र | १८. बहिरगमित जनमुक्ति सेना नेपाल |
| १९. गुरु लुइटेल अध्ययन र विकास केन्द्र | २०. मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठान |
| २१. मैना बाल बिकास समिति, | २२. रीना अर्पन स्मृति प्रतिष्ठान |
| २३. गणेश उज्जन (भुवन) स्मृती प्रतिष्ठान | २४. भैरव स्मृती प्रतिष्ठान, गोरखा |
| २५. लक्ष्मी आचार्य स्मृती कोष, जाजरकोट | २६. शहिद बशिष्ठ कोइराला (सुरेशचन्द्र) स्मृती प्रतिष्ठान |
| २७. सिन्धुली मनिलाल स्मृती प्रतिष्ठान, म्याग्दी | २८. नन्दलाल कोइराला स्मृती प्रतिष्ठान, गोरखा |
| २९. रा. सि. प. स्मृती प्रतिष्ठान, अर्घाखाची | ३०. शान्ती अठोट (पिस इन्भिजनर्स) |
| ३१.शिव प्रसाद भट्ट स्मारिका, गोरखा | ३२. शहीद जय बहादुर रावल स्मृती प्रतिष्ठान, जाजरकोट |
| ३३.शहीद टिकराज आरन स्मृती प्रतिष्ठान, रामेछाप | ३४. हरि भक्त स्मृती प्रतिष्ठान, रुकुम |
| ३५. शहीद र बेपत्ता योद्धा बालबालिका प्रतिष्ठान | ३६. शहीद दशरथ ठाकुर स्मृती कोष, राजबिराज |
| ३७. भूपेन्द्र स्मृती प्रतिष्ठान नेपाल | ३८. शहीद अजबलाल यादव स्मृती प्रतिष्ठान, धनुषा |
| ३९. भूपेन्द्र स्मृति प्रतिष्ठान नेपाल, बाँके | ४०. द्वन्द्व पीडित महिला सञ्जाल, बाँके |
| ४१. द्वन्द पीडित अधिकार मंच, म्याग्दी | |